मिति २०८०।०५।२५ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को दोस्रो नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** गैंडाकोट नगरपालिका अन्तर्गतका खास गरी वडा नं. ३,१४ र १८ का भौगोलिक रुपमा दुर्गम रहेका एवं छरिएर रहेका मानवस्तीहरुलाई स्थानीय बासीको आवश्यकताको पहिचान गरी विकासको एकिकृत पर्वाधार तयार गर्न एकिकृत बस्ती विकासको योजनाको प्रक्रिया अगाडी बढाउन सम्वद्ध पक्ष लगायत शहरी विकास मन्त्रालय सिंहदरबार, काठमाण्डौंमा लेखि पठाउने निर्णय गरियो ।

**निर्णय नं.२** गैंडाकोट नगरपालिकाको १३ औं नगर सभाबाट विनियोजन भएको बजेटको सीमा भित्र रही नेपाल नेत्रज्योति संघ भरतपुर आँखा अस्पताल चितवन र गैंडाकोट नगरपालिका बिच गैंडाकोट नगर अस्पतालमा आँखा अस्पतालको सेवा सञ्चालन गर्न सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** गैंडाकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय र अन्तर्गतका कार्यालयमा कार्यरत कर्मचारीहरुको आ.व.२०८०/०८१ को लागि पेश भए बमोजिमको तलबी प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख